# दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दुल्लू, दैलेख

### कर्णाली प्रदेश नेपाल

सार्वजनिक सुनुवाई कार्यक्रम संचालनका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/१३)

यस कार्यालयको चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम अन्तर्गत देहायको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले उक्त क्षेत्रमा आबद्ध ख्याती प्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरेका र प्रचलित कानून बमोजिम दर्ता भएका फर्म/संस्थाहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

| सि.नं. | कार्यक्रमको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम संचालन (नगरपालिका मा ३ पटक) | रु २ लाख १० हजार |
| २ | सार्वजनिक सुनुवाई कार्यक्रम संचालन (नगरपालिका अन्तर्गतका प्रत्येक वडामा १ पटक गरी जम्मा १३ पटक) | रु २ लाख ६० हजार |

<u>प्रस्तावसंग पेश गर्नु पर्ने कागजातहरुको प्रतिलिपि</u>

(१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र,

(२) आन्तरिक राजश्व कार्यालयबाट जारी भएको पान नं. वा मु.अ.कर दर्ता प्रमाणपत्र,

(३) आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदन,

(४) फर्म/संस्था कालोसूचीमा नपरेको व्यहोरा संस्था प्रमुख स्वंयले स्वघोषणा गरेको पत्र,

(५) फर्म/संस्थाको विधानमा भएको उदेश्य र प्रस्तावित कार्यक्रम बीच तालमेल भएको हुनु पर्ने छ,

(६) सार्वजनिक सुनुवाईको हकमा गा.पा./न.पा.को कम्तीमा ५ वटा सार्वजनिक सुनुवाई कार्य गरेको अनुभव हुनु पर्ने,

(७) यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात २०८१/०८/२७ गते कार्यालय समय भित्र दुल्लू नगरपालिकाको राजश्व शाखा वा राष्ट्रिय वाणिज्य बैंक दुल्लू स्थित खाता नं. ४३४०१००३०१०१०००२ मा रु १०००।०० (अक्षरुपी एक हजार मात्र) जम्मा गरेको नगदि रसिद वा सक्कलै बैंक भौचर सहित यो सूचना प्रकाशन भएको मितिले १६ (सोह) दिन अर्थात मिति २०८१/०८/२८ गते मध्यान्ह १२:०० बजे भित्र आर्थिक र प्राविधिक प्रस्ताव सिलबन्दी गरी लाहाछाप लगाई नगरपालिकामा पेश गर्नु पर्ने छ । उक्त दिन विदा परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता हुनु पर्ने छ,

(८) दर्ता भएका सबै प्रस्तावहरु सोही दिनको अपरान्ह २:०० वजे कार्यालयका प्रतिनिधि तथा प्रस्तावदाता प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित नभएमा प्रस्ताव खोल्न कार्यालयलाई बाधा पर्ने छैन।

(९) कार्यक्रम सम्बन्धी कार्य क्षेत्रगत शर्त (TOR) यस नगरपालिकाको वेभ साइड dullumun@gmail.com बाट प्राप्त गर्न सकिने छ ।

(१०) अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् । थप जानकारीका लागि ९८४८२११९६५ मा सम्पर्क गर्न सकिनेछ ।

तिलक वि.क.<br>
प्रमुख प्रशासकीय अधिकृत

# दुल्लू नगरपालिका र अन्तर्गतका वडाहरुमा प्रदान गर्ने सार्वजनिक सेवा प्रवाहका सन्दर्भमा गर्ने सार्वजनिक सुनुवाई कार्यक्रमको

# कार्यक्षेत्रगत शर्त

**(Terms of Reference)**

आ.व ०८१/०८२

दुल्लू नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दुल्लू दैलेख

कर्णाली प्रदेश नेपाल

दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख

## कार्यक्षेत्रगत शर्त
## Terms of Reference (TOR)

१. पृष्ठभूमि:

सार्वजनिक सुनुवाई भनेको नियमित सेवा लिने सेवाग्राही, लक्षित समुदायमा सेवा प्रवाह गर्ने सेवा प्रदायक निकायलाई जवाफदेही बनाउँदै अधिकार प्राप्त अधिकारीवीचको सवाल, जवाफ गर्ने कार्य हो । यसको सरकारी विकास निर्माण, सेवा प्रवाहलाई सुशासनयुक्त, पारदर्शी, जवाफदेही, गुणस्तरिय, जनमैत्री बनाउने उद्देश्य रहेको छ । दुल्लू नगरपालिकाले आफ्ना बार्षिक कार्यक्रम, बजेट, खर्चको अवस्था, सेवाको गुणस्तरियता, विकास निर्माण आयोजना र त्यसको प्रभावका विषयमा सार्वजनिक सुनुवाईको कार्यक्रम राखी नागरिकबाट धेरै भन्दा धेरै प्रश्न र जिज्ञासा लिई सो संग सम्बन्धित सवाल जवाफ गरी नागरिकलाई सेवा प्रबाहका विषयमा जानकारी गराउने उद्देश्यका साथ सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम तय गरेको छ ।
राज्यकोषबाट तलव भत्ता खाने कर्मचारीतन्त्र र जनताका सेवक मानिएका जनप्रतनिधि नागरिक प्रति उत्तरदायी र जवाफदेही हुन आवश्यक छ । सार्वजनिक प्रशासनलाई सुशासनुक्त, पारदर्शी, जनमुखी, जवाफदेही, समावेशी तथा जनसहभागितामुलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउनु राज्यका निकाय र त्यसमा जोडिएका अधिकारीहरुको दायित्व र कर्तव्य हो ।
लोकतन्त्रमा विधिको शासन, कानूनि राज्य, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो, भरपर्दो, गुणस्तरिय र प्रभावकारी हुनुपर्दछ ।

२. कार्यक्रमको लक्ष्य तथा उदेश्य :

दुल्लू नगरपालिकाले आफ्ना बार्षिक कार्यक्रम, बजेट, खर्चको अवस्था, सेवाको गुणस्तरियता, विकास निर्माण आयोजना र त्यसको प्रभावका विषयमा सार्वजनिक सुनुवाईको कार्यक्रम राखी नागरिकबाट धेरै भन्दा धेरै प्रश्न र जिज्ञासा लिई सो संग सम्बन्धित सवाल जवाफ गरी नागरिकलाई सेवा प्रबाहका विषयमा जानकारी गराउने लक्ष्य लिइएको छ । सोही सन्दर्भमा दुल्लू नगरपालिकामा अन्तर्गतका १३ वटा वडाहरुमा तेस्रो चौमासिक अबधिमा १/१ पटक र नगरपालिकामा प्रत्येक चौमासिकमा १ पटक गरी जम्मा १६ पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने यो कार्यक्रमको लक्ष्य रहेको छ ।

कार्यक्रमको उद्देश्य :

- सार्वजनिक सुनुवाईबाट जनताको सूचनाको हकको प्रवर्द्धन हुने ।
- सार्वजनिक निकायबाट हुने सेवा प्रवाहमा देखिएका समस्याको निराकरणमा सार्वजनिक सुनुवाईले महत्त्वपूर्ण भूमिका खेल्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रमबाट सेवाग्राही वा लाभग्राहीको गुनासो सुन्न र सन्तुष्टिको अवस्था थाहा पाउन सकिने ।

तिलक वि. क.
प्रमुख प्रशासकीय अधिकृत

➢ सार्वजनिक निकाय र नागरिकहरूबीच दोहोरो संवाद स्थापित हुने ।

➢ भ्रष्ट्राचार र अनियमितता अन्त्य गर्दै पारदर्शी शासनको प्रवर्द्धनमा टेवा पुर्याउँनमा सहयोग गर्न मद्दत हुने ।

➢ समग्रमा सुशासन अभिवृद्धिमा टेवा पुर्याउन सहयोग हुने ।

➢ अन्य समसामयिक विषय छलफल हुने ।

३. <u>कार्यक्रमको विवरण र बजेट</u> :

| सि.नं. | कार्यक्रम | विवरण | बजेट रु लाखमा |
|---|---|---|---|
| १ | नगरपालिका तर्फ | प्रत्येक चौमासिकमा १ पटक गरी जम्मा ३ पटकको | रु.२ लाख |
| २ | वडाहरु तर्फ | १ वटा वडामा १ पटक गरी १३ वटा वडामा १३ पटकको प्रति पटक रु २० हजारका दरले | रु.२ लाख ६० हजार |
| जम्मा रकम | | | रु.४ लाख ६० हजार |

४. <u>कार्यक्षेत्र</u>:

➢ दुल्लू नगरपालिका र नगरपालिका अन्तर्गतका १३ वटै वडाहरु

५. <u>परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यहरु</u> :

➢ सार्वजनिक सुनुवाई कार्यक्रम सुरुहुनु भन्दा कम्तीमा ७ दिन अगाडी स्थानीय रेडियो, सामाजिक संजाल मार्फत र सार्वजनिक स्थलमा सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ ।

➢ नगरपालिकाले प्रदान गर्ने सेवा प्रबाहका विषयमा कार्यक्रम संचालनका क्रममा बढि भन्दा बढी सवाल जवाफ आउने गरी सहजिकरण गर्नुपर्ने छ ।

➢ कार्यक्रमका लागि आवश्यक जनशक्ति, सामाग्रीहरु, स्टेशनरी लगायत कार्यक्रमका सहभागीहरुलाई खाजाको व्यवस्थापन गर्नुपर्ने छ ।

➢ नगरपालिका तथा सम्बन्धित वडाका सरोकारवाला सम्पूर्ण व्यक्तिहरुलाई जवाफदेहि बक्ताको रुपमा राख्नु पर्ने छ ।

➢ कसैको रवाफ र दवाफमा नपरी स्पष्ट रुपमा कार्यक्रमको सहजिकरण गर्नु पर्ने छ ।

➢ भिडियो सहितको कार्यक्रम सम्पन्न प्रमाणित प्रतिबेदन नगरपालिका तथा सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्ने छ ।

६. <u>परामर्शदाताले जनशक्ति सम्बन्धी व्यवस्था :</u>

➢ परामर्शदाताले उद्देश्य बमोजिमको काम गर्न आवश्यक्तानुसार जनशक्ति खटाउन सक्नेछ ।

७. <u>प्रस्ताव पेश गर्ने तरीका</u>:

➢ सूचनामा उल्लेख भए अनुसार

८. <u>प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु</u> :

तिलक वि.क.
प्रमुख प्रशासकीय अधिकृत

१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र,

(२) आन्तरिक राजश्व कार्यालयबाट जारी भएको मु.अ.कर दर्ता प्रमाणपत्र,

(३) आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदन,

(४) फर्म/संस्था कालोसूचीमा नपरेको व्यहोरा संस्था प्रमुख स्वंयले स्वघोषणा गरेको पत्र,

(५) फर्म/संस्थाको विधानमा भएको उदेश्य र प्रस्तावित कार्यक्रम बीच तालमेल भएको हुनु पर्ने छ,

(६) सार्वजनिक सुनुवाईको हकमा गा.पा./न.पा.को कम्तीमा ५ वटा सार्वजनिक सुनुवाई कार्य गरेको अनुभव हुनु पर्ने,

९. <u>परामर्शदाताले कार्य सम्पन्न गरिसक्नुपर्ने समयावधि</u> :

- नगरपालिका तर्फको कार्यक्रम संचालन प्रत्येक चौमासिकको अन्तमा ३ पटक र प्रत्येक वडा तर्फमा तेस्रो चौमासिकमा १ पटक ।

१०. <u>प्रस्ताव मूल्यांकन गर्ने तरिका:</u>

- प्राविधिक र आर्थिक दुवै प्रस्तावको मूल्यांकन गरिनेछ । प्राबिधिक प्रस्तावमा ५० प्रतिशत अङ्कलाई उत्तिर्णाङ्क मानिनेछ र प्राविधिक प्रस्तावमा उत्तीर्ण भै आर्थिक प्रस्ताबमा कम लागत कवोल गर्ने प्रस्तावदातालाई छनौट गरिनेछ ।

११. <u>सेवा प्रदायक संस्थाहरु छनौट तथा मूल्यांङ्कनका आधार</u> :

- सेवा प्रदायकको छनौट न्यून लागत विधिबाट गरिनेछ । प्राविधिक प्रस्तावमा उत्तिर्ण भै सवैभन्दा कम कबोल गर्ने परामर्शदातालाई छनौट गरिनेछ ।

(क) **प्राविधिक प्रस्ताव** : प्राविधिक प्रस्ताव मूल्यांकनका आधारहरु :

| | |
|---|---|
| १. सेवा प्रदायक तथा परामर्शदाता फर्मको अनुभव वापत | २५ अङ्क |
| २. जनशक्ति तथा सामाग्रीको उपलब्धता वापत | २५ अङ्क |
| ३. कार्यसम्पादन विधि तथा तरिका वापत | २० अङ्क |

(ख) **आर्थिक प्रस्ताव** : आर्थिक प्रस्ताब बापतको अङ्क -३० निर्धारण गरिएको छ । प्राविधिक प्रस्तावमा उत्तिर्ण भै आर्थिक प्रस्तावमा सवैभन्दा कम लागत कवोल गर्ने प्रस्ताबकलाई छनौट गरिने ।

१२. <u>भुक्तानी प्रक्रिया</u> :

- उल्लेखित कार्यको भुक्तानी एक किस्तामा गरिनेछ । TOR तथा सम्झौतामा भए अनुसारको कार्य गरे पश्चात सोको विल भर्पाईका आधारमा भुक्तानी दिइनेछ । परामर्शदाताको माग अनुसार पेश्की रकम उपलब्ध गराउन सकिनेछ ।

१३. <u>विविध</u> :

- यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली. २०६४ (संसोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

तिलक वि.क.
प्रमुख प्रशासकीय अधिकृत

<u>अनुसुचि -१</u>

## प्राविधिक प्रस्तावको ढाँचा

| | | | |
|---|---|---|---|
| १ | प्रस्तावको संक्षिप्त विवरण | | |
| २ | कार्यक्रमको परिचय | | |
| ३ | उदेश्य | | |
| ४ | अपेक्षीत उपलब्धी | | |
| ५ | कार्यक्रमको ढाँचा | | |
| ६ | कार्यक्रम संचालन गर्ने क्रियाकलापहरु | | |
| ७ | जनशक्तिको योग्यता कार्य अनुभब सहितको विवरण | | |

अनुसुची -२

## <u>आर्थिक प्रस्तावको ढाँचा</u>

| क्र.स | विवरण | ईकाई | परिणाम | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रम सम्बन्धी स्थानीय रेडियोबाट सुचना प्रसारण | | | | | |
| २ | कार्यक्रमको व्यानर | | | | | |
| ३ | आवश्यक सामाग्रीहरु (माईक, साउण्ड, सिस्टम लगायतका सामाग्री) | | | | | |
| ४ | सहभागीहरुलाई खाजा | | | | | |
| ५ | सहजिकरण/सहजकर्ता पारीश्रमीक | | | | | |
| ६ | प्रतिबेदन, भिडियो तयार तथा अन्य विविध खर्च | | | | | |
| | जम्मा | | | | | |
| | मु.अ.कर | | | | | |
| | कुल जम्मा | | | | | |